जनकपुरधाम उप-महानगरपालिका
जनकपुवधाम ऊप-मशनगवपानिका
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/०८३
चलानी नं. :- ९६४२

मितिः- २०८३/०२/०७

**विषयः- निःशुल्क छात्रवृतिका लागि आवेदन फाराम भर्ने सम्बन्धी पुनः सूचना ।**

श्री संस्थागत विद्यालयहरु
जनकपुरधाम उपमहानगरपालिका ।

प्रस्तुत विषयमा यस जनकपुरधाम उपमहानगरपालिकाको च.नं. ८६८२ मिति २०८३/०१/२१ को पत्रबाट निःशुल्क छात्रवृतिका लागि मिति २०८३/०१/२१ देखि २०८३/०१/३१ सम्म आवेदन फाराम भर्ने, २०८३/०२/०३ गते बिहान ८:०० बजे देखि प्रवेश परीक्षा संचालन गर्ने भनि सूचना भएकोमा यस पालिका अन्तर्गत संचालित केही विद्यालयहरुले उक्त सूचना बमोजिम आवेदन फाराम नभराएको र प्रवेश परीक्षा समेत नलिएको भनि जनगुनासो आएकोले पुनः कक्षा-१ देखि १० सम्म निःशुल्क छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुलाई सुचित गरिन्छ कि संस्थागत विद्यालय छात्रवृति वितरण कार्यविधि-२०८१ को दफा ४.३,४.४,४.६, र ५.१ बमोजिम छात्रवृति कोटा तथा दफा ६.१ बमोजिमको आरक्षण सम्बन्धी व्यवस्था बमोजिम विद्यालय स्तरीय छात्रवृति वितरण समितिबाट नै निःशुल्क छात्रवृति सम्बन्धी छनौट गर्न परीक्षा संचालन देहाय बमोजिम हुने भएकोले आ-आफु अध्ययन गरिरहेको वा अध्ययन गर्ने विद्यालयमा नै गएर आवेदन फाराम भर्न भराउन हुन सम्बन्धित सबै विद्यार्थी अभिभावक तथा सर्वसाधारणलाई जानकारीको लागि आदेशानुसार अनुरोध छ।

साथै निःशुल्क छात्रवृति सम्बन्धी प्रवेश परीक्षा नलिई तथा निःशुल्क छात्रवृति कार्यान्वयन नगर्ने संस्थागत विद्यालयलाई कानुन बमोजिम कार्यवाही समेत भई जाने छ।

**तपसिलः**

१. आवेदन फाराम भर्ने मितिः २०८३/०२/०८ देखि २०८३/०२/१५ गते सम्म
२. छात्रवृतिमा अध्ययनका लागि प्रवेश परीक्षा २०८३/०२/१७ गते बिहान ८:०० बजे देखि
३. परीक्षा केन्द्रः- अध्ययन गर्न चाहेको विद्यालय
४. नतिजा प्रकाशनः- २०८३/०२/२०

**सादर अवगतार्थः**
श्री नगर प्रमुख ज्यू,
श्री नगर उप-प्रमुख ज्यू,

....................
(अन्जु पाण्डेय)
शाखा प्रमुख
शिक्षा युवा तथा खेलकुद विकास शाखा

"धार्मिक, सांस्कृतिक, पर्यटकीय समृद्ध नगर जनकपुरधाम"

Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com